# आ.व. २०७५/०७६ को

# नीति, कार्यक्रम तथा वजेट

गुराँस गाउँपालिका

कर्णाली प्रदेश, नेपाल

२०७५/०३/१०

आदरणिय अध्यक्ष महोदय तथा गाँउ सभाका सदस्य ज्युहरु राष्ट्रको ऐतिहासिक परिवर्तन र उपलब्धि सहित ईतिहासको लामो पर्खाई पछि संविधान सभाबाट नेपालमा संघिय लोकतान्त्रित संविधान जारी सम्मका सवै क्रान्ति र आन्दोलनमा आफ्नो ज्यानको आहुती दिने ज्ञात अज्ञात सहिद प्रति श्रदा सुमन व्यक्त गर्दै हार्दिक शद्र्धाञ्जलि व्यक्त गर्दछु साथै जनआन्दोलनको क्रममा अंग भंग हुनुभएका जनआन्दोलनका घाईतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

गुराँस बासि जनताको जनादेश र निर्वाचित जन प्रतिनिधिहरुको अथक प्रयासको जगमा टेकेर पारित भएको निति तथा कार्यक्रम वडा, वस्ती, टोल र जनताको चुलो सम्म समृद्धि पुग्ने गरी शिक्षा, स्वास्थ्य, सडक, जलविधुत, कृषि, पर्यटन र शुसासन जस्ता सामाजिक विकासका आधार स्तम्भलाई केन्द्रमा राखि बनाईएको कार्यक्रम हुःबहु कार्यान्वयनमा लैजाने हाम्रो ध्येय रहेको छ ।

राजनितिक स्थिरता आर्थिक क्रान्तीको शुरुवात भैरहेको परिपेक्षमा नेपालको संविधानले ल्याएको उपलव्धिहरु नागरिक सार्वभौमिकता, स्वतन्त्रता र नागरिक सर्वोचता रक्षा गर्ने र यसको सारमा गुराँस समृद्धिको अभियान अगाडि वढाउने मुल लक्ष्यलाई सफल बनाउन सहयोग गर्ने सरकारी तथा गैरसरकारी संस्था सँग समुन्वयको बाटो फराकिलो पार्ने जनसहभागिताको मार्ग प्रशश्त गर्ने हाम्रो लक्ष्य रहेको छ ।

आ. व. २०७४÷७५ को समिक्षा तथा आगामी आ. व. २०७५÷७६ को लागि यस गाँउपालिकाको वार्षिक योजनालाई अन्तिम रुप दिने गरि यो गरिमामय २०७५÷७६ को दोस्रो गाँउ सभाको सुअवसरमा हाम्रो निमन्त्रनालाई स्वीकार गरी उपस्थित सबै गाँउ सभाका सदस्य हरुमा व्यक्तिगत र गाउँपालिका परिवारको तर्फबाट हार्दिक स्वागत गर्दै आगामि आर्थिक वर्ष २०७५÷०७६ को निति तथा कार्यक्रम प्रश्तुत गर्दछु ।

१. परिचय

१.१ स्थानीय तहको संक्षिप्त परिचय ः–

आदरणीय उपस्थित सम्पूर्ण गाउँसभा सदस्य ज्युहरु नेपालको संविधान (२०७२) ले संघिय राज्यको निर्माणका साथै यसले तीन तहको राज्य प्रणालीको व्यवस्था गरे अनुरुप साविक स्थानीय निकायहरु हाल तहमा परिणत भएको छ । केन्द्रमा वा एक ठाउँमा शक्ति केन्द्रित नगरी विभिन्न तह र इकाईबाट शक्ति बाडफाड र विकेन्द्रीकरण (सिंहदरबारको अधिकार गाउँ–गाउँका) जनताले अनुभुती गर्नेगरी अधिकारको प्रत्यारोजन गरिएको छ । यसरी सिंहदरबारको अधिकार गाउँ–गाउँमा पु¥याउने क्रममा दैलेख जिल्लालाई पनि ४ नगरपालिका र ७ गाउँपालिका गरि ११ स्थानिय तह रहेकोमा गुराँस गाउँपालिका पनि एउटा पर्दछ । गुराँस गाउँपालिका साविकका खड्कावाडा, वराह, सेरी, गोगनपानी, पिलाडी र लालिकाँडा गाउँ विकास समिती मिलेर बनेको गाउँपालिका हो । यसको क्षेत्रफल १६४.७९ वर्ग मीटरमा फैलिएको छ । भने २०६८ सालको जनगणनाअनुसार २२०३३ यस गाउँपालिकाको जनसंख्या रहेको छ ।

यस गाउँपालिकाको पुर्वमा र दक्षिणमा सुर्खेत जिल्ला, पश्चिममा अछाम जिला र उत्तरमा दुल्लु नगरपालिका र उत्तर पुर्वमा डुंगेश्वर र भगवतिमाई गाउँपालिकका पर्दछन् । गुराँस गाउँपालिकालाई साविकका ६ वटा गाउँ विकास समिती

र ५४ वटा वडालाई हाल गाउँपालिकाका ८ वटा वडाका रुपमा विभाजन गरि जनतालाई सेवा दिने काम भइरहेको छ ।

१.२ विद्यमान अवस्था समिक्षा

आदरणीय उपस्थित गाउँ सभाका सदस्य ज्युहरु, यस गाउँपालिकाको विद्यमान अवस्था बारे भन्नु पर्दा यसको प्रशासनिक केन्द्र गुराँस गाउँपालिकाको वडा नं. ४ मा पर्ने साविक वराह गाउँ विकास समितीको घोडाबासमा रहेको छ । यस गाउँपालिकामा जम्मा आवश्यक दरबन्दी सहयोगीसहित १५ जना र वडा कार्यालयमा प्रत्येक वडा कार्यालयमा १ जना वडा सचिव र सहयोगी–१ जना गरी १६ जना वडा कार्यालयमा र गाउँपालिकामा १५ जना गरी जम्मा ३१ जना कर्माचारी दरबन्दी भएकोमा हाल यस गाउँपालिकामा प्रमुख प्रशासकिय अधिकृत – १ लेखापाल – १, प्रशासन–१ प्राविधिक शाखा –३, योजना अनुगमन– १, राजस्व– १, सामाजिक विकास– १, सहयोगी (शाखा हेर्नेगरी)- ५, सहयोगी– १ र वडा सचिवहरु वडामा ३ सुब्बा, २ खरिदार र कार्यालय सहयोगी ८ गरी जम्मा २७ जना कर्मचारी रहेको अवस्था छ । यसमा विषयगत कार्यालयका कर्मचारीहरु विषयगत कर्मचारीका रुपमा काम गरिरहेको जानकारी गराउछु ।

अध्यक्ष महोदय, तथा गाउँसभाका सदस्य ज्युहरु, जनताको पहुँचमा सरकार पु¥याउन विगतका दिनमा स्थानिय ऐन, नियम, कार्यविधि, नियमावलली अपुरो भएको स्थानीय सरकार संक्रमणकालिन अवस्थामा गुर्जिएको, आवश्यक कर्मचारीहरु अपुग भएको सबैमा नयाँपन हुदा विगतको एक बर्ष सिकाइमा धेरै समय खर्चिनुपरेको सबैका माझ राख्न चाहान्छु ।

संरचना बदलिएको छ संस्कार पद्धती र सोच बदलिएको छैन् । त्यसैका बाबजुत जनताको अपेक्षा अनुरुप जती काम अगाडी बढ्नु पर्थ्यो, त्यसरी काम अगाडी बढ्न सकेको छैन् । यती हुदाहुदै पनि हामी सबैले सकरात्मक सोच, सहकार्य, जनता प्रतिको स्नेही भाव र तपाई हाम्रो जिम्मेवारी र कत्र्यव्यलाई आत्मसाथ गर्दै बुद्धि विवेकले भ्याएसम्म जनताको पक्षमा थुप्रै काम गरेका छौ । म तपशिल बुँदामा समिक्षाको सन्दर्भमा गुराँस गाउँपालिकाले गरेका काम र प्रगतीको संक्षिप्त कुरा जानकारी गराउन चाहान्छु ।

- ६ वटा स्थानिय ऐनहरु गाउँसभाबाट अनुमोदन
- ७ वटा कार्यविधि कार्यपालिका हुदै गाउँसभाबाट अनुमोदन
- गुराँस अस्पतालको शुरुवात
- प्रत्येक वडा कार्यालयमा स्वास्थ्य चौकी र वर्थिङ्ग सेन्टर स्थापना
- जनताको पहुँचमा स्वास्थ्य अवधाराणाको साथ स्वास्थ्य शिविर संचालन
- गाउँ पाश्र्व चित्र, भिडियो डकुमेन्ट्री, सडक गुरु योजना, खानेपानी गुरु योजना तयार
- कन्टेन्जेन्सीको रकम विकासमा खर्च (नेपालकै पहिलो)
- गुणस्तरिय शिक्षाका लागि आवश्यक प्रक्रियाको शुरुवात
- वहुमुखी क्याम्पस पुर्वाधार, कृषि क्याम्पस पुर्वाधारका लागि प्रक्रियाको थालनी
- विद्युतिकरणको शुरुवात
- लिफ्टिङ खानेपानी शुरुवात तथा सम्पन्न

- पर्यटन विकासका सबै क्षेत्रको पहिचान तथा कार्यान्वयनको शुरुवात
- वन संरक्षणका लागि अभिमुखिकरण तथा खोटो निकासीमा रोक
- सामाजिक विकासका विभिन्न कार्यको शुरुवात
- विभिन्न विषयको मापदण्ड निर्माण गरी मापदण्ड कार्यान्वयन
- जीवन शुरक्षा कोष
- विद्युतिय हाजिरीको शुरुवात
- गाउँपालिकाको कार्यालयमा सीसी टिभी जडान
- जोखिममा परेका बालबालिकाको पहिचान
- वेरोजगार युवाहरुको तथ्याङ्क संकलन
- स्वरोजगारमुखि कृषि तथा पशुपंक्षी व्यवसायिक किसान कार्यक्रम
- कृषिमा सरकारी, निजि क्षेत्र साझेदारी नीति अवलम्बन
- कृषि अभियान
- एक व्यवसायिक किसान, एक सिंचाई पोखरी निर्माण
- आफ्नै नर्सरी स्थापना र नर्सरी प्रोत्साहन कार्यक्रम
- सरकारी सामुदायिक साझेदारी कृषि फर्म निर्माण प्रक्रिया शुरु
- जनताका गुनासा सुनुवाई (कार्यक्रम जनतासँग जनप्रतिनीधि)
- लोप उन्मुख राउटे समुदायलाई गुराँसको नागरिक बनाउन प्रक्रिया शुरु
- अन्य साना पुर्वाधार विकासका कार्यक्रमहरु
- समावेशिकरणका अन्य कार्यक्रमहरु
- सामाजिक कु– प्रथालाई न्युनिकरण गर्न अभियान संचालन

अध्यक्ष महोदय, उपस्थित सदस्य ज्युहरु गुराँस गाउँपालिकाले धेरै सकरात्मक काम एक बर्षको समयअवधिमा गरेको कुरा सर्वविक्तित नै छ । तर यदाकदा अथक प्रयासका बावजुत पनि यस गाउँपालिका समृद्ध र विकसित गर्न धेरै सुधार गर्नुपर्ने पक्षहरु एक बर्षको अनुभवबाट देखिन्छ । सुधार गर्नुपर्ने पक्षहरु तपशिल बुँदामा प्रस्तुत गर्न चाहान्छु ।

अध्यक्ष महोदय,

- आन्तरिक आम्दानि वृद्धि गर्न नसकिएको ।
- आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको सडक यातायात भएतापनि यस गाउँपालिकाको भौगोलिक विकटताका कारण सडक यातायात नियमित रुपमा सुचारु गर्न सकिएको छैन् ।
- प्रशश्त मात्रामा तरकारी उत्पादन भए पनि उपयुक्त बजारीकरण गर्न नसकिएको ।
- उत्पादनमा आधारित पकेट क्षेत्र निर्माण गर्न नसकिएको ।
- प्राबिधिक शिक्षा तथा आधुनिक कृषि प्रणालि अबलम्बन गर्न नसकिएको ।

- पर्यटकिय क्षेत्रहरुमा पुर्बाधार निर्माण गर्न नसकिएको ।
- बौद्धिक प्रतिभाको पहिचान, संरक्षण र प्रयोग गर्न सकिएको छैन ।
- आबश्यक दक्ष जनशक्तिको उत्पादन गर्न नसकिएको ।
- युवा जनशक्तिलाई स्वरोजगारमुलक बनाउन नसकिएको ।
- परम्परागत मानविय सोच परिवर्तन गर्न नसकिएका कारण विकास निर्माण कार्यमा जनसहभागिता जुटाउन नसकिएको ।

**१.२.१ सवल पक्ष/अबसरहरु**

अध्यक्ष ज्यु, उपस्थित गाउँ सभाका सदस्य साथीहरु, विद्यमान अवस्थामा जुनसुकै चुनौती भए पनि यस गुराँस गाउँपालिकालाई नमुना गाउँपालिका तथा समून्नत, विकसित र समृद्ध गाउँपालिका बनाउन यसका थुपै्र सवल पक्ष तथा अबसरहरु रहेका छन् । जुन सवल पक्ष तथा अबसरहरुलाई बुँदागत रुपमा प्रस्तुत गर्दछु ।

- कर्णाली प्रदेशको राजधानीसँग जोडिएको गाउँपालिका भएकाले यस गाउँपालिकाको विकास गर्न सहज देखिन्छ ।
- पुर्वाधार विकासमा कर्णाली राजमार्ग, दैलेख सुर्खेत सडक, र रातानाङ्ला धरमपोखरा सडक र डुङ्गेश्वर धरमपोखरा सडक भएकाले सडक सञ्जालमा जनताको सहज पहुँच भएको ।
- कर्णाली नदि, लोहोरे खोला र पराजुलखोला लगायत गाउँपालिका भित्र रहेका अन्य साना ठुला खोलाबाट लघु जलविद्युत उत्पादन गर्न सकिने ।
- गुराँस गाउँपालिकाको पुर्व लालिकाँडादेखि पश्चिम खड्कावाडासम्म फैलिएको र पहाड पहाडै भएको यस क्षेत्रमा लालिगुराँस फुल्ने र मालिका मन्दिर, कर्णालीको तीर भएकाले पर्यटकीय क्षेत्र निर्माण गर्न सकिने ।
- यस गुराँस गाउँपालिकाको भौगोलिक क्षेत्र कृषि उर्वर भुमी भएकाले कृषि क्षेत्रको विकास गरी आर्थिक समृद्धिमा टेवा पु¥याउन सकिने ।
- खानीका रुपमा यस गाउँपालिका ढुङ्गा, पत्थर खानी, धातु खानी भएकाले खानी जन्य उद्योग संचालन गर्न सकिने ।
- यस गाउँपालिकामा प्रशस्त मात्रामा वन जंगल भएकाले काठ, जडिबुटी लगायत वनको सदुपयोग गरी आम्दानीको श्रोत बढाउन सकिने ।
- कर्णाली नदि, लोहोरे खोला र पराजुलखोला जस्ता जलाधार क्षेत्र रहेकाले उक्त क्षेत्रबाट आन्तिरिक आम्दानीका लागी ढुंगा, बालुवा, गिट्टी जस्ता भौतिक निर्माणका लागि प्राकृतिक सामाग्रीहरुबाट आर्थीक क्षेत्र बलियो बनाउन सकिने सम्भावना रहेको ।
- पशु चौपायाहरुको लागि प्रशस्त मात्रामा घाँस उपलब्ध हुने भएकाले पशु फर्महरुको निर्माण गर्न सकिने ।
- यो गाउँपालिका उच्च स्थानमा रहेकाले चिया, कफी, फलफुल, अलैची, आँप, सुन्तला, कागती, ओखर, किवी लगायत फलुफुल खेतीको प्रचुर सम्भावना रहेको भुगोल भएकाले फलपुल खेती र नगदेबालीलाई व्यवसायिक गर्न तथा अन्य सिपमुलक कार्यक्रम संचालन गरी स्वरोजगारमुखी कार्य गर्न सकिने ।
- आलु खेतीलाई व्यवसायिककरण गरी तरकारीमा आत्मनिर्भर बनाउनुका साथै नेपालमै आलु उत्पादन क्षेत्र बनाउन सकिने सम्भावना रहेको ।

- जंगल र जडिबुटीको प्रशोधन तथा प्रर्वद्धन केन्द्र निर्माण र संचालन गर्न सकिने ।
- वन्यजन्तु तथा गुराँस संरक्षणका लागि गुराँस संरक्षण क्षेत्र भइसकेको हुदा त्यसको थप विकास गरी पर्यटन व्यवसायलाई बढाउन सकिने ।
- कर्णाली प्रदेशमा रहेका आकर्षक पर्यटकिय क्षेत्रहरुको मुख्य प्रवेशद्वार भएको हुदा निजी क्षेत्रहरुसँगको समन्वयमा पर्यटन व्यवसायको विकास गरि आर्थिक वृद्धिदर बढाउन सकिने ।

### १.२.२ सुधार गर्नुपर्ने पक्षः–

अध्यक्ष महोदय, उपस्थित गाउँ सभाका सदस्य साथीहरु, विद्यमान अवस्थामा जुनसुकै सवल र अवसर भए पनि यस गुराँस गाउँपालिकालाई नमुना, समून्नत, विकसित र समृद्ध गाउँपालिका बनाउन थुपै्र सुधार गर्नुपर्ने पक्षहरु रहेका छन् । जसलाई तपशिलका बुँदामा प्रस्तुत गर्न गइरहेको छु ।

- आर्थिक विकासको पहिलो पक्ष भनेको सडकको विस्तार हो । तर प्रशस्त सडक पूर्वाधार विकास निर्माण भएता पनि सुचारु नहुनु ।
- प्रशस्त मात्रामा तरकारी उत्पादन भएपनि बजारको व्यवस्थापन नहुनु ।
- पकेड क्षेत्र निर्माण गर्न नसकिनु ।
- प्राविधिक शिक्षा र आधुनिक प्रविधियुक्त कृषि प्रणाली अवलम्वन नहुनु ।
- पर्यटकीय क्षेत्र निर्माण गर्न नसकनु ।
- आन्तरिक आम्दानीका लागी वन जंगल तथा प्राकृतिक श्रोत्र साधनको प्रयोग नहुनु ।
- सडक निर्माण गरि स्तरोन्नती हुन नसक्नु ।
- राष्ट्रिय वनलाई सामुदायीक वनमा परिणत नगर्नाले वनको संरक्षण नहुनु ।
- भौगोलिक रुपमा विकट क्षेत्र भएकाले सेवा प्रवाहमा कठिनाई हुनु ।
- बौद्धिक प्रतिभाको संरक्षण र प्रयोग हुन नसक्नु ।
- जनशक्तिको अभाव हुनु ।
- वेरोजगारी समस्याको हल गर्न नसक्नु र सो कारण युवा जनशक्ती विदेश पलायन हुनु ।

### १.२.४ चुनौती

अध्यक्ष महोदय, उपस्थित गाउँ सभाका सदस्य साथीहरु, विद्यमान अवस्थामा भौतिक तथा मानविय विकास निर्माणका लागि निम्न प्रकारका चुनौतीहरु गाउँपालिकाका अगाडी देखा परेका छन् । जसलाई तपशिलका बुँदामा प्रस्तुत गर्न गइरहेको छु ।

- छरिएर रहेको वस्ती भएकाले हरेकको घरमा विकासका कार्यक्रम पु¥याउन असहज
- हरेक क्षेत्रमा आर्थिक अनियमितताले जडा गाडेको हुदा यसलाई सु–शासन मैत्री गाउँपालिका बनाउन नसकिएको ।
- हरेक व्यक्तीमा साझाभन्दा व्यक्तीगत मनोकांक्षा धेरै हुनु ।
- पुर्वाधार विकास गर्न भौगोलिक विकता र प्रयाप्त आर्थिक श्रोत नहुनु ।
- हरेक मानिसमा पुरातनवादी सोच र व्यक्तीगत स्वार्थका कारण विकास निर्माणमा बाधा ।

- श्रम प्रतिको विश्वास नहुदा वेरोजगारी समस्या बढ्नु ।
- मध्यम वर्गीय समाज भएको हुदा वसाइसराई र विदेश पलायन हुनु ।
- उत्पादित वस्तुहरुको उचित वजारीकरणको अभाव ।

**१.३ वार्षिक निती, कार्यक्रम तथा वजेट तर्जुमाका लागी अवलम्बन गरिएको पद्धति**

आदरणीय अध्यक्ष महोदय, तथा गाउँसभाका सदस्य साथीहरु, यस गुराँस गाउँपालिकाका सबै वडाहरुले सहभागीतामुलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गरि वार्षिक नीति, कार्यक्रम तथा वजेट निर्माण गर्ने गरेका छन् । जसमा जनप्रतिनिधि वडा स्तरिय विषयगत क्षेत्रहरु, टोल विकास समितीहरुका मागमा आधारित योजनाहरु वडासभाबाट प्राथामिकिकरण गरी ति योजनाहरु विषयगत कार्यालय र योजना तर्जुमा समितीको शिफारिसमा कार्यपालिका मार्फत गाउँसभामा लैजाने परिपाटीको विकास गरिएको छ । अन्य व्यवस्था यस प्रकार रहेको छ ।

- समपूरक कोषः– सरकारी निकाय, गैर सरकारी निकाय र अन्य संघ संस्थाहरु सँगको आवश्यत्ताको आधारमा साझेदारी, जनता आवसका लागि साझेदारी
- लक्षित वर्गः– बालबालीका, महिला, दलित, जनजाती, अपाङ्गता भएका व्यक्ती र जेष्ठ नागरिक
- पूर्वाधार निर्माण ः– आर्थिक, सामाजिक, भौतिक पूर्वाधार र प्रर्वद्धनात्मक
- मानविय संघसाधन विकास कोषः– जनचेतना अविवृद्धि, दक्ष जनशक्ती उत्पादन, विभिन्न छात्रवृत्ति,
- जीवन शुरक्षा कोष, जोखिम बालबालिका संरक्षण कोष
- विपत् व्यवस्थापन कोषः–
- गरिबी निवारण कोषः–
- युवा स्वरोजगार कोषः–

**१.४ आयोजना प्राथामीकिकरणका आधारहरु ः–**

आदरणी अध्यक्ष महोदय, तथा गाउँसभाका सदस्य ज्युहरु, ऐनमा व्यवस्था भए बमोजिम समृद्ध गुराँसका लागि निम्न प्रकारले योजनाको प्राथामिकिकरण तथा छनौट गर्ने प्रक्रिया अवलम्बन गरिएको छ ।

- श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितीको सीमा निर्धारण
- टोल स्तरबाट योजना छनौट
- वडा स्तरबाट प्राथामिकिकरण
- विषयगत कार्यालयको शिफारिस
- योजना तर्जुमा समितीको शिफारिस
- कार्यपालिकाको अनुमोदन तथा शिफारिस
- गाउँसभाबाट अनुमोदन

**खण्ड ३ –**

**आगामी आ.व. २०७५/०७६ को नीति, कार्यक्रम तथा वजेट**

आदरणी अध्यक्ष महोदय, यस सभाका सदस्य ज्युहरु, 'गुणस्तरिय शिक्षा, जनताको पहुँचमा स्वास्थ्य, व्यवसायिक कृषि, पर्यटन र दीगो पूर्वाधार विकसित समुन्नत समृद्ध गुराँसका पाँच आधार' भन्ने नाराका साथ अब म यस गुराँस गाउँपालिकाको आगामी आर्थिक वर्याको बजेट नीति, कार्यक्रम तथा वजेट यहाँहरु समक्ष पेश गर्न गईरहेको छु ।

३.१ परिकल्पनाः–

समृद्ध, स्वाबलम्बी, समुन्नत, समावेशी, सु–शासन मैत्री र प्रविधियुक्त गाउँपालिका निर्माण भएको हुने छ ।

३.२ ध्येयः–

दीगो विकास पूर्वाधार कृषि तथा स्वरोजागारमुलक क्षेत्रको विकास, प्राकृतिक श्रोत र साधनहरुको प्रयोग र मानविय विकाससहितको योजना हाम्रा ध्येय हो ।

३.३ लक्ष्य:

समावेशी, समानता र समतामा आधारित योजना तथा कार्यक्रमहरुका माध्ययामबाट समृद्ध गुराँस निर्माण गर्ने हाम्रो लक्ष्य हो ।

उद्देश्यः

गुराँस गाउँपालिकाको समग्र विकास र समृद्धीका लागि निम्न उद्देश्यहरु तय गरिएको छ ।

- दीगो विकासका पुर्वाधारहरु (आधारभुत विकासका पुर्वाधारहरुः शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात, विद्युत, सञ्चार) को अल्पकालिन, मध्यकालिन, दिर्घकालिन योजना तयार तथा प्रथामिकिकरण गरी निर्माण गर्ने ।
- कृर्षि क्षेत्रको आधुनिकिकरण, व्यवसायिकरण र वजारीकरणमा जोड दिने ।
- पर्यटन पुर्वाधारहरुको विकास गरी पर्यटन प्रवद्र्धन कार्यक्रमबाट स्वरोजगारका अवसरहरु श्रृजना गर्ने ।
- पाँच 'ज' को अधिकतम प्रयोग (जल, जमिन, जंगल, जनशक्ती, जडिबुटी) गरी आर्थिक विकास तथा गरिबी न्युनिकरणमा जोड दिने ।
- अन्तराष्ट्रिय मञ्च, संघ, प्रदेश तथा स्थानीय सरकारले गरेका नीति तथा कार्यक्रमलाई हु–बहु कार्यान्वयन गर्ने ।

**३.४ बार्षिक कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु**

अध्यक्ष महोदय, तथा गाउँसभाका सदस्य ज्युहरु, हाल यस गुराँस गाउँपालिकामा स्थनीय तहको मिति २०७४ बैशाख ३१ गते भएको पहिलो चरणको निर्वाचनको सफलता पछि हामी पहिलो बर्ष पुरा गरी दोश्रो बर्षमा प्रवेश

गरिरहेका छौ । यस महत्वपूर्ण घडीमा आ.व २०७५÷०७६ का लागी नीति, कार्यक्रम तथा वजेट पेश गर्न अध्यक्ष महोदयसामु अनुमती चाहान्छु । जनप्रतिनिधिहरु निर्वाचित भइसकेपछि वडाका टोल तथा वस्तीस्तरबाट प्राथामिकिकरण भई आएका तपशिल बमोजिमका विषयगत क्षेत्र अनुसार समावेशि र सहभागीमुलक योजना प्रक्रिया अवलम्बन गरि वार्षिक निति, कार्यक्रम तथा वजेट तर्जुमा गरि गाउँ सभाले योजना तथा कार्यक्रम स्वीकृत गर्ने प्रक्रिया अवलम्बन गरेको छ । जसलाई तपशिल बमोजिमको विषय क्षेत्रमा विभाजन गरि यहाँहरु समक्ष राख्ने अनुमती चाहान्छु ।

- आर्थिक विकास क्षेत्रः– कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, तथा वित्तिय
- पूर्वाधार विकास क्षेत्रः– सडक, सिचाई, भवन तथा सहरी विकास, उर्जा, घरेलु तथा लघुउद्यम र संचार
- सामाजिक विकास क्षेत्र ः– शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवद्र्धन, पोषण, लैङ्गिक समानता तथा समावेशिकरण
- वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ः– वन तथा भू–संरक्षण, वातावरण संरक्षण, जलवायु परिर्वतन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन
- संस्थागत विकास तथा सेवा प्रवाहः– मानव संशाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार
- वित्तिय व्यवस्थापन र सु–शासन ः–
- पर्यटन व्यवसायः–

**३.६ मुख्य नीतिगत क्रियाकलापहरुः–**

अध्यक्ष महोदय, तथा गाउँसभाका सदस्य ज्युहरु

माथि उल्लेखित विषय क्षेत्रहरुमा निश्चित उपलब्धि हासिलका लागी यस गुराँस गाउँपालिकाले तपशिल बमोजिमका मुख्य मुख्य आयोजना र क्रियाकलापहरुलाई प्राथमिकिकरण गरेको बुँदागतरुपमा एकमुष्ठ पेश गर्दछु ।

**दीगो विकास तथा भौतिक पुर्वाधारहरु**

**(क) शिक्षाः–**

(अ) गुराँस गाउँपालिकामा गुणस्तरिय शिक्षा सु–शासनमैत्री शैक्षिक संस्था तथा प्रविधिमैत्री शैक्षिक गतिविधीहरु संचालन गरिने छ ।

(आ) प्राविधिक शिक्षा, उच्च शिक्षा संचालनको लागि आवश्यक कार्यक्रम तय गरिने छ ।

(इ) अग्रेजी माध्यायमबाट पठनपाठन बनाउने विद्यालयलाई प्रोत्साहनको व्यवस्था गरिने छ ।

(ई) बालमैत्री विद्यालय बनाउने नीति लिइने छ ।

(उ) विद्यालय पहिचान कार्यक्रम लागु गरिने छ ।

(ऊ) विद्यालय शुरक्षा व्यवस्थाको बन्दोवस्तो गरिने छ ।

(ए) अविभावक शिक्षा कार्यक्रम लागु गरिने छ ।

(ऐ) शिक्षक, कर्मचारी, विद्यालय, समुदाय, स.का, का.स प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिने छ ।

(ओ) सामुदायिक सञ्चार केन्द्र, सिकाई केन्द्र, अध्ययन केन्द्र संचालन तथा व्यवस्थापन गरिने छ ।

(औ) किशोरी मैत्री शौचालयको व्यवस्था गरिने छ ।

(अं) व्यवसायीक शिक्षालाई जोड दिने नीति अवलम्वन गरेको छ ।

(अं.) श्रव्य दृश्य प्रविधि द्धारा विद्यार्थिहरुलाई अध्ययन अध्यापन गराउने नीतिलाई अवलम्वन गरिने छ ।

**(ख) स्वास्थ्यः–**

(अ) प्रत्येक वडाहरुमा रहेका स्वास्थ्य तथा वर्थिङ्ग सेन्टरहरुलाई व्यवस्थित र गुणस्तरिय सेवा प्रवाहका लागि आवश्यक कार्यक्रम तय गरिने छ ।

(आ) गुराँस अस्पताललाई आधुनिक अस्पातालमा विकसित गरिने छ ।

(इ) स्वास्थ्यकर्मी घर सेवा कार्यक्रम लागु गरिने छ ।

(उ) स्वास्थ्यकर्मी पहिचान कार्यक्रम लागु गरिने छ ।

(ऊ) आमा समुह पोषण कार्यक्रम लागु गरिने छ ।

(इ) प्राथामिक स्वास्थ्य, मातृ स्वास्थ्य, महिला प्रजनन् स्वास्थ्य गाउँघर क्लिनिक कार्यक्रममा विशेष ध्यान दिइने छ ।

(ई) स्वास्थ्य संस्थामा प्रायाप्त औषधीको व्यवस्था गरिने छ ।

(ए) आम नागरिकहरुलाई स्वास्थ्यको पहुँचमा लिन स्वास्थ्य शिविर संचालन गरिने छ ।

(ऐ) सुत्केरी सेवा तथा स्वास्थ्य सम्बन्धी नियमित कार्यक्रमलाई विशेष ध्यान दिइने छ ।

(ओ) महिला स्वयमसेविका, आमा समुहहरुलाई प्रोत्साहनको व्यवस्था गरिने छ ।

**(ग) यातायातः–**

(अ) गुराँस गाउँपालिकामा संचालनमा रहेका सडकहरुको स्तरउन्नती गरि १२ महिना संचालन हुने गराइने छ, र सडक सञ्जालले नछोएका ठाउँमा सडक सञ्जाल विस्तार गरिने छ ।

(आ) केवलकार, हवाई यातायातका लागी सम्भाव्यता अध्ययनका साथै पुर्वाधार विकासमा जोड दिइने छ ।

(इ) गोरेटो र घोरेटो बाटोलाई सुधारको कार्यक्रम अगाडी बढाइने छ ।

**(घ) विद्युतः–**

(अ) गुराँस गाउँपालिकाका प्रत्येक वडामा विद्युत विस्तारलाई तिव्रताका साथ अगाडी बढाइनेछ ।

(आ) गुराँस गाउँपालिका भित्र रहेका स्थानीय खोलाहरुबाट लघु जलविद्युत उत्पादन प्रक्रिया अगाडी बढाइने छ ।

(इ) विपन्न वस्ती उज्यालो कार्यक्रम लागु गरिने छ ।

(ई) बजार क्षेत्रहरुमा सडक बत्ती कार्यक्रम अगाडी बढाइने छ ।

(उ) वैकल्पिक उर्जा स्रोतको पहिचान गरि उर्जा प्रवद्र्धनको नीति लिईएको छ ।

(ऊ) सरकारी,निजि र साझेदारी क्षेत्रलाई उर्जा प्रवद्र्धनका लागी प्रोत्साहन गर्ने नीति लिईएको छ ।

**(ङ) खानेपानी तथा सरसफाईः–**

(अ) सबै घरमा स्वच्छ र शुरक्षित खानेपानीको व्यवस्था गरिने छ ।

(आ) मुहान संरक्षण र वृहत खानेपानी आयोजना निर्माणका लागि समन्वय र सहकार्य गरिने छ ।

(इ) सतहगत खानेपानी अभाव भएको ठाउँमा लिफ्टिङ खानेपानी आयोजना निर्माण गरिने छ ।

(ई) यस गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गर्नका लागि आवश्यक रणनीति अवलम्बन गरिने छ ।

**(च) सञ्चारः**

(अ) प्रत्येक वडामा सुचना केन्द्र स्थापना गरिने छ ।

(आ) गुराँस गाउँपालिकालाई सुचनामैत्री गाउँपालिकाको रुपमा विकास गरिने छ ।

(इ) पत्रकारहरुलाई क्षमता विकासको लागि आवश्यक तालिमको व्यवस्था गरिने छ ।

(ई) सञ्चार क्षेत्रलाई प्रोत्साहन गर्ने नीति लिइने छ ।

(उ) पत्रकार संघलाई संस्थागत रुपमा सहयोग पुग्ने खालको समन्वयात्मक प्रयास गरिने छ ।

**(छ) कृषि, सिंचाई तथा पशुपालनः–**

(अ) आधुनिक तथा व्यवसायमुखी कृषि प्रर्णाली अवलम्बन गरिने छ ।

(आ) उत्पादित वस्तुको वजारीकरणको लागि आवश्यक व्यवस्था गरिने छ ।

(इ) पहिचानसहितको पकेट क्षेत्र घोषणा गरी कार्यान्वयन गरिने छ ।

(ई) कृषि पर्यटनको विकासमा विशेष ध्यान दिइने छ ।

(उ) एक घर एक सिंचाई पोखरी कार्यक्रमलाई निरन्तरता दिइने छ ।

(ऊ) विभिन्न सरकारी तथा गैर सरकारी संस्थाको समन्वय र सहकार्यमा आवश्यक ठाउँमा सतहगत सिंचाइ र लिफ्टिङ सिंचाइका लागि जनता सिंचाई कार्यक्रम लागु गरिने छ ।

(ए) कृषि सहकारीहरुसँगको समन्वयमा सुलभ दरमा मल, विऊ, विषादी वितरण प्रक्रिया अवलम्बन गरिने छ । साथै उत्पादित वस्तुको ढुवानीका लागि आवश्यक पहल गरिने छ ।

(ऐ) किसानहरुलाई कृषि तथा पशुपालन विभिन्न व्यवसायमा प्रोत्साहन गरी आर्थिक विकास गर्न सौलियत ऋण, अनुदान साझेदारी तथा आवश्यक तालिमको व्यवस्था गरिने छ ।

(ओ) कृषि क्षेत्रलाई आधुनिकिकरण गर्नको लागि कृषि क्याम्पस र कृषि तथा पशु फर्म संचालन गरिने छ ।

(औ) कृषकको वर्गिकरण गरी अभिलेखिकरण गर्दै वर्गिकरणको आधारमा प्रोत्साहन र अनुदानको व्यवस्था गरिने छ ।

(अं) जर्सी गाई पालन कृषकका लागी प्राथामित्ताका साथ प्रोत्साहन तथा अनुदानको व्यवस्था गरिने छ । साथै व्यवसायिक अन्य पशुपालनका लागि आवश्यक अनुदानको व्यवस्था गरिने छ ।

(अं.) कृषकलाई कृषि तथा पशु विमाको लागि आवश्यक नीति लिइने छ ।

(अ.१) कृषि विचौलियाको अन्त्य गर्ने नीति लिइने छ ।

(अ.२) कृषि क्षेत्रको विकास र विस्तार गर्न सहकारी निजी क्षेत्र र गाउँपालिकाको संयुक्त प्रयासमा आवश्यक कार्यक्रम संचालन गर्ने व्यवस्था गरिने छ ।

**(ज) पर्यटनः–**

(अ) पर्यटकिय क्षेत्रहरुको समग्र पुर्वाधार निर्माणहरुलाई अगाडी बढाइने छ ।

(आ) भ्यू टावर, स्मृति पार्क, गेट, प्रतिक्षालयको निर्माण गरिने छ ।

(इ) कला संस्कृतिको जर्गेनाका लागी अभियान तथा संग्रालयको निर्माण गरिने छ ।

(ई) पर्यटन प्रवद्र्धनका लागि गुराँस महोत्सवको आयोजना गरिने छ ।

(उ) पर्यटकीय क्षेत्र सुधारका लागी पुराना जिर्ण मठ,मन्दिर र गुफाहरुको संरक्षणर मर्मत र निर्माण गरिने छ ।

(ऊ) संचालनमा रहेका होम स्टेको स्तर वृद्धि गरिने छ ।

**(झ) बजार तथा बाणिज्यः–**

(अ) यस गाउँपालिका भित्र रहेका सबै प्रकारका व्यवसायहरुलाई करको दायरामा ल्याउनेगरी नीति अवलम्बन गरिने छ ।

(आ) काष्ट कला उद्योग, अल्लो तथा सिस्नो प्रसोधन उद्योग, टमाटर सस उद्योग खानिजन्य उद्योग तथा उत्खन्न आवश्यकता अनुसार निर्माण गर्ने नीति अवलम्वन गरिने छ ।

सहकारी क्षेत्र व्यवस्थित गर्न सहकारी तालीम र सहकारीलाई कृषि क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिने छ ।

**(ञ) सहकारी तथा वित्तियः–**

(अ) सहकारी तथा वित्तिय संस्थाहरुको नियमित अनुगमन, नियमन तथा विकासका लागि आवश्यक क्रियाकलापहरु संचालन गरिने छ ।

(आ) सहकारी व्यवस्थापनका लागी सहकारी शिक्षा र तालीमको व्यवस्था गर्ने नीति लिइएको छ ।

(इ) सहकारी व्यवस्थापनका लागी प्रत्येक सहकारीहरुको आन्तरिक व्यवस्थापन निर्माण गर्ने गर्ने नीति लिईएको छ ।

(ई) सहकारी क्षेत्रलाई कृषि क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरिने नीति अवलम्बन गरिएको छ ।

(उ) सहकारीको संख्यात्मक विकासभन्दा गुणात्मक विकास गर्ने नीति लिइने छ ।

(ऊ) एक विषयगत सहकारी, एक उत्पादनसहितको पहिचान कार्यक्रमलाई अगाडी बढाइने छ ।

**(ट) भवन तथा सहरी विकासः–**

(अ) गुराँस गाउँपालिकाका सबै वडाहरुको आफ्नै आधुनिक कार्यालय भवनहरु निर्माणका लागि संघ सरकार, प्रदेश सरकार र विभिन्न दातृ नीकायहरुसँग समन्वय गरी निर्माण गरिने छ ।

(आ) भवन आचार संहिता २०७२ अनुसार नीति निर्माण गरि भवन निर्माण र सहर व्यवस्थापनका लागी आवश्यक नीति निर्माण गरिने छ ।

(इ) भवन तथा सहरी विकासका लागी भुकम्प प्रतिरोधात्मक घर निर्माणका लागी आवश्यक पहल गरिने छ ।

**(ठ) संस्कृति प्रवद्र्धनः–**

(अ) ऐतिहासिक तथा पुरातात्विक महत्वका संरचनाहरुको खोजी, संरक्षण र व्यवस्थापनका लागी केन्द्रीय स्तरमा पहल गरिने छ ।

(आ) यस गा.पा. अन्तर्गतका विभिन्न जातजातीको संस्कृती प्रवद्र्धनका लागी आवश्यक नीति निर्माण गरि योजना तथा कार्यक्रम संचालन गरिने छ ।

(इ) विभिन्न जातजाती तथा समुदायमा प्रचलित कला संस्कृतिलाई जर्गेना गर्न आवश्यक नीति अवलम्वन गरिने छ ।

**(ढ) लैङ्गिक समानता र सामाजिक समावेशिकरणः–**

- विभेदमा परेका सबै क्षेत्रकालागि समावेशिकरणको नीति अवलम्बन गरीने छ ।
- लैङ्गिक हिंसा विरुद्धको जनचेतनामुलक कार्यक्रम संचालन गर्ने नीति लिईने छ ।
- अनाथ बालबालिकाको लागि बाल गृह संचालनमा ल्याइने छ ।
- छाउपढी प्रथा अन्त्यका लागि आवश्यक जनचेतनाको कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- दाईजो प्रथालाई निरुत्साहित गर्ने जनचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।
- बालबिवाह न्युनिकरणका लागि बिशेष नीति बनाइने छ ।
- सिमान्तकृत र पछाडि परेको वर्गलाई राज्यको मुल धारमा ल्याउन विशेष कार्यक्रम ल्याईने छ ।
- बालबालिकाको लागि विद्यालय स्तरिय बालमैत्रि कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।
- गरिबी न्युनिकरणको लागि आवश्यक कार्यक्रम ल्याइने छ ।
- स्थानीय तहमा लक्षित कार्यक्रमहरुमा प्रभावकारिता ल्याउने लक्षित वर्गका सरोकारवालाहरुको ( राउटे, वादी, अपाङ्गता भएका व्यक्ती दलित, महिला, जनजाती) संञ्जाल स्थापना गरी समन्वयात्मक ढङ्गबाट कार्यक्रम संञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

**(ण) वातावरण तथा विपत् व्यवस्थापनः–**

- विपत् व्यवस्थापनको कोषको स्थापनाको निति अबलम्बन गरिने छ ।
- भुः क्षयबाट प्रभावित क्षेत्रमा वृक्षारोपन अभियान, तटबन्धको व्यवस्थाका लागि आबश्यक निति बनाइने छ ।
- वातावरण संरक्षणका लागी सवै क्षेत्रसँग साझेदारी, समन्वय, तथा व्यवस्थापन गरिने छ ।
- वन तथा वातावरण क्षेत्रबाट संकलित राजश्वबाट प्राप्त रकमको केहि अंश सोहि क्षेत्रको दिगो व्यवस्थापनको लागि खर्च गर्ने व्यवस्था मिलाईने छ ।

**(त) वित्तिय व्यवस्थापन र सु–शासनः–**

- वित्तिय व्यवस्थापनका विभिन्न निकायसँग समुन्वय र सहकार्य गरि तालिम सेमिनार र गोष्ठिको व्यवस्था मिलाईने छ।
- सरकारी तथा गैर सरकारी संघ संस्था, कार्यलयहरुको कार्यमा प्रभावकारीता ल्याउन अनुगमन तथा निरिक्षण, नियमित प्रगति समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई ग्राहक सर्वेक्षण जस्ता प्रकृया अवलम्बन गरी सुःशासन अभिबृद्धिमा जोड दिईने छ ।
- सेवा प्रदायक क्षेत्रलाई जिम्मेवार बनाईने छ ।

- सेवा प्रभाहलाई सेवामुखि र जनउत्तरदायी बनाउन सुचकहरु निर्माण गरि नियमित अनुगमन मुल्यांकन गर्ने परीपाटीको थालनी गरिने छ ।

**(थ) वहु क्षेत्रिय पोषण कार्यक्रमः–**

(अ) नेपालमा मातृ शिशु तथा किशोरीहरुको पोषण स्थितीमा सुधार ल्याउन र दिर्घ कुपोषणलाई न्युनिकरण गर्नका लागि नेपाल सरकारको प्राथामित्तामा रहेको वहु क्षेत्रिय पोषण योजना अन्तरगत यस गाउँपालिकाको वडा नम्बर १, २ र ८ मा रहेको कार्यक्रमलाई निरन्तरता दिदै अन्य वडामा पनि बालबालिकाको कुपोषणको अवस्थालाई विश्लेषण गरी विस्तार गरिने छ । सोही अनुरुप आ.व २०७५÷०७६ को लागि नेपाल सरकारबाट रु १४४००००–। शसर्त अनुदान वापत प्राप्त भएको र यस गाउँपालिकाले छुट्ट्याएको सम पुरक रकम समेत क्षेत्रगत रुपमा विनियोजन गरी पोषण सुधारका लागि तोकिएको क्रियाकलापमा खर्च गरिने छ ।

(आ) गाउँपालिकामा पोषणको क्षेत्रमा काम गरेका संघ संस्थाहरुले गाउँपालिका क्षेत्रभित्र गरेका क्रियाकलापको विवरण राख्नका लागि गाउँपालिकामा विद्यमानण पोषण रजिष्टरलाई निरन्तरता दिइने छ ।

(इ) पोषणमा सुधार ल्याउन पोषण नीति निर्माण गरी आवश्यक क्रियाकलाप संचालन गरिने छ ।

**(द) विविध क्षेत्रः–**

(अ) गाउँ परिषदको. सम्बन्धित अधिकार प्रयोग गरि गाउँपालिकाका लागी तोकिएका सबै कामहरु

(आ) प्रभावकारीहरुपमा सम्पादन गर्न निम्न वमोजिमका कामहरु प्रत्यारोपण गरिएको छ ।

(इ) स्वीकृत बार्षिक गाउँ पालिका कार्यक्रम र बजेटलाई औचित्यको आधारमा सामान्य संशोधन थपघट वा हेरफेर गर्ने

(उ) गाउँपालिकाको श्रोतहरुको सम्भावनाको आधारमा राजश्व परामर्श समितिको सिफारिसमा

कर,दस्तुर,महसुल शुल्कमा संशोधन तथा हेरफेर गर्ने वा नयाँ क्षेत्र पहिल्याई करहरु कायम गर्ने

(ऊ) गाउँपालिकाका तर्फबाट लक्षित बार्षि कार्यक्रमको उद्देश्य पुरा हुनेगरि सहयोग दातृ निकाय एंव साझेदारी संघ संस्थाहरु सँग द्धिपक्षीय एवम् बहुपक्षीय सम्झौता एंव समझदारी गर्ने

(ए) गाउँपालिकामा आवश्यक पर्ने अन्य गुरुयोजना,कार्ययोजना र निर्देशिकाहरु पारित गर्ने

गाउँपालिकाको कार्यसँग सम्बद्ध अन्य निर्णयहरु गर्ने

(ऐ) विभिन्न निकायबाट योजनाहरु स्वीकृत गर्दा गाउँपालिकाले निर्दिष्ट गरेका योजना÷कार्यक्रम भन्दा बाहिरबाट योजना छनौट गर्ने पसिरपाटिको अन्त्य गरि समग्र गाउँपालिकाबासिको सहभागिता मुलक योजना तर्जुमा

प्रकृयाबाट स्वीकृत गाउँ विकास योजनामा प्राथमिकता निर्धारण भएका योजनाहरु भित्रबाट योजना र कार्यक्रम स्वीकृत गरि रकम विनियोजन गर्न जिल्ला समन्वय समिति एंव सम्बद्ध निकायहरुलाई अनुरोध गर्ने नीति लिईने छ ।

(ओ) जिल्लामा सम्बद्ध सरोकारवालाहरु द्धारा यस गाउापालिकामा गरिबी निवारण कार्यक्रमहरु संचालन गर्दा गाउँपालिकाको संयोजनमा तयार गरिएको गरिबि नक्सान लाई अनिवार्य आधार मानि कार्यान्वयन गर्ने नीति लिईने छ ।

(औ) स्थानीय तह निर्माण भई हाई हाल भौतिक सरचना निर्माण नभई सकेका वडा कार्यालयहरुलाई व्यवस्थित गर्न क्रमागत योजना संचालन गर्ने अवलम्वन गर्ने ।

## धन्यवाद ।